# सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

# Recovery and Accelerated Learning (ReAL) Plan

# **कार्यान्वयन सहजीकरण पुस्तिका**

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०७९

विषयसूची


| विषयसूची | पेज नं |
|---|---|
| १) पृष्ठभूमि | ३ |
| २) उद्देश्य | ३ |
| ३) कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन | ४ |
| ४) **कार्यक्रम सञ्चालन प्रक्रिया** | **५** |
| ५) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजनाका लागि सञ्चालन गरिने क्रियाकलापको विस्तृतीकरण | ७ |
| ६) **विभिन्न निकायको भूमिका** | **२७** |
| ६.१. **मन्त्रालयको भूमिका** | **२७** |
| **६.२.प्रदेश तहका शिक्षासँग सम्बन्धित निकायहरू (मन्त्रालय, निर्देशनालय, तालिम केन्द्र) को भूमिका** | **२७** |
| ६.३.**स्थानीय तहको भूमिका** | **२७** |
| ६.४.**शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका** | **२८** |
| ६.५.शैक्षिक गुणस्तर **परीक्षण केन्द्रको भूमिका** | **२८** |
| ६.६.**पाठ्यक्रम विकास केन्द्रको भूमिका** | २८ |
| ६.७.**विद्यालयको भूमिका** | २८ |
| **अनुसूची १ : विद्यालयले स्थानीय तहमा मासिक रूपमा पठाउनुपर्ने प्रतिवेदनको ढाँचा** | **३०** |
| **अनुसूची २ : स्थानीय तहमा विद्यालयले अर्धवार्षिक रूपमा सम्प्रेषण गर्नुपर्न फारामको ढाँचा** | **३१** |
| **अनुसूची ३ : स्थानीय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने फारामको ढाँचा** | **३२** |

## १) पृष्ठभूमि

विपत्बाट मानव जीवनका हरेक क्षेत्र प्रभावित हुन्छन् । विपत्बाट प्रभावित हुने विभिन्न क्षेत्रमध्ये विद्यालय शिक्षा पनि एक हो । प्राकृतिक तथा मानव सिर्जित सङ्कटको कारण नियमित विद्यालय सञ्चालनमा अवरोध हुँदा एकातिर विद्यालयको निर्धारित शैक्षिक क्यालेन्डर प्रभावित भई निर्धारित कार्यघन्टा र पाठ्यघण्टा पूरा गर्न समस्या सिर्जना हुन्छ भने अर्कोतर्फ विद्यार्थीको सिकाइ क्षमतामा अपेक्षित सुधार हुन सक्दैन । यस्तो परिवेशमा दूर शिक्षा, अनलाईन, अफलाईन, सूचना प्रविधि जस्ता पूरक विधि प्रयोग गरी विद्यालय, घर, समुदाय वा जुनसुकै स्थान सिकाइ प्रक्रियालाई निरन्तरता दिन सकिन्छ ।

कोभिड-१९ को कारण शैक्षिक सत्र २०७७ को पूरैजसो समय र शैक्षिक सत्र २०७८ को करिब आधाजसो समय विद्यालयमा पठनपाठन र सिकाइ क्रियाकलाप नियमित गर्न सकिएन । सो अवधिमा सिकाइलाई निरन्तरता दिन विभिन्न प्रयास भए । नेपालको भौगोलिक अवस्था, प्रविधिको पहुँच, शिक्षकहरूमा सूचना प्रविधि प्रयोगको सिप, अभिभावकहरूको आर्थिक अवस्था लगायतका कारणले गर्दा विद्यार्थीले अपेक्षित सिकाइ सक्षमता हासिल गर्न कठिनाइ उत्पन्न भयो । फलस्वरूप विश्वका अन्य देशहरू जस्तै नेपालका बालबालिकाको पनि सिकाइको गति कम हुन गयो । कोभिड-१९ को कारण सिकाइमा परेको प्रभावको परिमाणात्मक तथ्याङ्क यकिन हुने क्रममा रहेता सिकाइको गतिमा यसको प्रभाव परेको छ भन्नेमा द्विविधा छैन । कोभिड-१९को अवधिमा सिकाइमा भएको अवरोधले गर्दा विद्यालय सञ्चालन पछिको शिक्षण सिकाइमा पनि जटिलता देखिएका छन् । तल्लो कक्षामा न्यूनतम सिकाइ हुन नसक्दा माथिल्ला कक्षाका विषयवस्तु शिक्षण गर्न कठिन भएको छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०७९।८० देखि कार्यान्वयन सुरु गरेको विद्यालय शिक्षा क्षेत्र योजनाले आपत्कालीन अवस्थामा शिक्षण सिकाइको निरन्तरतासम्बन्धी विषयलाई मुख्य अन्तरसम्बन्धित सवालको रूपमा उल्लेख गरेको छ । योजनाको लक्ष्यअनुसार विविध खालका प्रकोप, विपत् र महामारीका समयमा शैक्षिक संस्था सञ्चालन र सिकाइमा निरन्तरताका लागि गर्नुपर्ने र गर्नसकिने विभिन्न औपचारिक, अनौपचारिक तथा खुला माध्यमका सम्भावित सिकाइ क्रियाकलाप सञ्चालन गर्न विद्यालय शिक्षा क्षेत्र योजनाकै पूरक कार्यक्रमको रूपमा सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना Recovery and Accelerated Learning (ReAL) Plan शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयन ल्याइएको छ । यस योजना कार्यान्वयनका क्रममा सबै सामुदायिक संस्थागत र परम्परागत विद्यालयले यसै कार्यक्रम कार्यान्यवयन सहजीकरण पुस्तिकाबमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । यसै सन्दर्भमा सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयनका लागि तय भएका गरिएका सम्भावित क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तीनै तहका सरकार र अन्य निकायको भूमिका तथा कार्यजिम्मेवारी समेत उल्लेख गरी यो कार्यान्वयन सहजीकरण पुस्तिका तयार गरिएको छ ।

**२) उद्देश्य**

योजना कार्यान्वयनका उद्देश्य देहायबमोजिम हुने छन् :

क. कोभिड-१९ लगायतका कारणबाट भएको सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइका लागि तय भएका क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्नु

ख. प्रदेश, स्थानीय तह तथा विद्यालयमा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गरी सिकाइ आपूरण तथा द्रुत सिकाइका क्रियाकलापको प्रभावकारी कार्यान्वयनमा मद्दत पुऱ्याउनु

ग. कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु

घ. कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित प्रतिवेदन प्रणालीलाई सहज बनाउनु

ङ. नतिजामा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी लक्षित नतिजा सुनिश्चित गर्नु

च. तेस्रो पक्षबाट कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन, सामाजिक तथा आर्थिक लेखा परीक्षणलगायतका कार्यलाई आवश्यकताअनुसार सहजीकरण गर्नु

**३) कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन**

विभिन्न प्रकारका विपत् वा सङ्कटको कारण नियमित विद्यालय सञ्चालनमा अवरोध हुँदा भएको शैक्षिक क्षति आपूरण तथा द्रुत सिकाइका लागि निर्धारित क्रियाकलाप कार्यान्वयन मार्गदर्शन देहायबमोजिम रहेका छन् :

क) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७९।१२।१७ (तदनुसार ३१ मार्च २०२३) मा स्वीकृत भएको सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना Recovery and accelerated learning (ReAL) plan ले परिलक्षित गरेका उदेश्य, रणनीति तथा कार्यक्रमलाई मुख्य आधार मानि सरकारी एवम् गैरसरकारी निकायहरूले कार्यसम्पादन गर्ने

ख) स्थानीय तहले सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त भएको बजेट तथा कार्यक्रम र आफ्नो क्षेत्रभित्र कार्यरत गैरसरकारी संस्थाले सञ्चालन गर्ने विद्यार्थी सिकाइ सहजीकरणसम्बन्धी कार्यक्रमहरू समेटी एकीकृत कार्ययोजना निर्माण तथा स्वीकृत गरी कार्यान्वयन गर्ने

ग) पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहले आवश्यक पर्ने वजेट व्यवस्थापन गर्न वित्तीय हस्तान्तरण भएका कार्यक्रमसँग र विद्यालयलाई प्राप्त निकासा रकमसँग एकीकृत गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने

घ) स्थानीय तहले शैक्षिक सरोकारवालाको बैठक आयोजना गरी विद्यार्थीको सिकाइ क्षति र यसको आपूरणको तथा द्रुत सिकाइका लागि गर्नुपर्ने कार्यहरूको सम्बन्धमा छलफल गर्ने र अभिभावक तथा

विद्यार्थीलाई आवश्यकता र महत्त्वको बारेमा जानकारी गराई शैक्षिक अभियानकै रूपमा कार्यक्रम सञ्चालन गर्ने गराउने

ङ) शिक्षा क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूबिच अन्तरक्रिया गरी सबै क्षेत्रबाट गरिने क्रियाकलापलाई समन्वयात्मक रूपमा कार्यान्वयन गर्ने

च) केन्द्रबाट विकास भएका तथा स्वीकृत श्रव्यदृश्य पाठ प्रसारणका लागि स्थानीय टेलिभिजन तथा एफएम रेडियोमार्फत प्रसारणको व्यवस्था मिलाउने । प्रसारण हुने कार्यक्रमको कार्यतालिका विद्यार्थी तथा अभिभावकलाई उपलब्ध गराइ सिकाइ प्रक्रियामा सहभागी हुन प्रोत्साहित गर्ने

छ) स्थानीय तहले प्रविधिमा पहुँच नपुगेका वर्गलाई लक्षित गरी विषयगत शिक्षकको रोस्टरमार्फत केन्द्रबाट विकास भएका तथा वैकल्पिक सिकाइका लागि स्वीकृत अध्ययन सामग्री समेतलाई आधार मानि स्थानीय तहबाट थप सिकाइ सामग्री विकास छपाइ तथा वितरण गरी विद्यालयलाई यस्ता सामग्री प्रयोगमा प्रोत्साहन गर्ने

ज) विद्यालय बाहिर रहेका, अपाङ्गता भएका र अन्य लक्षित बालबालिकाका लागि विकसित गरिएका सामग्री प्रयोग गरी सिकाइमा सहजीकरण गर्ने

झ) विद्यालय नियमित रूपमा सञ्चालन नभएको अवस्थामा समेत सिकाइ निरन्तरताका लागि अस्थायी सिकाइ सहजीकरण केन्द्र, गृह विद्यालय तथा घर दैलो कार्यक्रम जस्ता क्रियाकलाप सञ्चालन गर्ने

ञ) सिकाइ आपूरण सम्बन्धमा प्रदेश तथा स्थानीय स्तरको शिक्षा समूहको परिचालन गरी विद्यालय र कार्यक्रम नदोहोरिने गरी स्थानीय तहका सबै विद्यालय समेटी कार्यक्रम सञ्चालन गर्ने

ट) स्थानीय तहको समन्वयमा गैरसरकारी संस्थाहरूले सिकाइ आपूरण तथा सिकाइ द्रुत सिकाइसँग सम्बन्धित कार्यक्रममा आवश्यक सहयोग तथा सहजीकरण गर्ने

ठ) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन गर्न प्रदेश सरकार तथा स्थानीय तहले साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने

४) **कार्यक्रम सञ्चालन प्रक्रिया**

सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयनका प्रकियागत चरण देहायबमोजिम हुने छन्:

क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले योजना कार्यान्वयनसँग सम्बन्धित क्रियाकलापको अभिमुखीकरण सञ्चालन र सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने

ख) स्थानीय तहले सिकाइ आपूरणसँग सम्बन्धित विभिन्न क्रियाकलाप, निदानात्मक परीक्षण साधन (Diagnostic Tool), शिक्षक स्रोत सामग्री (Teacher Resource Materials) को प्रयोग र तथ्याङ्क प्रविष्टिलगायतका क्रियाकलाप सञ्चालन र व्यवस्थापनका लागि प्रधानाध्यापक/शिक्षक अभिमुखीकरण गर्ने । साथै स्थानीय तहमा क्रियाशील विभिन्न सरकारी, गैरसरकारी सङ्घसंस्थासँग समन्वय र सहकार्यका लागि अन्तरक्रिया गर्ने

ग) प्रधानाध्यापकले विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक तथा अन्य सरोकारवालाका लागि अभिमुखीकरण गर्ने

घ) शिक्षकले सिकाइस्तर परीक्षण साधनको प्रयोग गरी प्रत्येक विद्यार्थीको नतिजा विश्लेषण गरी सिकाइस्तर पहिचान गर्ने

ङ) नतिजा विश्लेषणपश्चात् प्रत्येक विद्यार्थीलाई विषयक्षेत्रअनुसार सिकाइका विभिन्न समूहमा वर्गीकरण गरी सिकाइ समूह निर्माण गर्ने

च) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको इ लर्निङ पोर्टल (https://learning.cehrd.edu.np/home) मा रहेको Diagnostic Tools Assessment Result सिटमा विषयगत र विद्यार्थीअनुसारको नतिजा रिपोर्टको तथ्याङ्क प्रविष्टि गर्ने । सोको अध्यावधिक अभिलेख विद्यालयमा समेत राख्ने ।

छ) सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि सबै विद्यालय र शिक्षकले यस सहजीकरण पुस्तिकामा उल्लिखित क्रियाकलाप तथा उपयुक्त अन्य शिक्षण सिकाइ सहजीकरण विधि (अनलाईन तथा अफलाईन) प्रयोग गरी शिक्षण सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने र सो को प्रभावकारिताका लागि सरोकारवालाहरूसँग निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने

ज) विद्यालयले सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइका लागि गरिएका क्रियाकलापको प्रगति प्रतिवेदन मासिक रूपमा र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिको अवस्थाको प्रतिवेदन त्रैमासिक रूपमा केन्द्रमा पठाउने । प्रतिवेदनको ढाँचा अनुसूचीमा २ रहेको छ ।

झ) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्न रकम अपुग भएमा आफ्नो स्रोतबाट बेहोर्ने गरी थप स्रोतको व्यवस्था गर्ने

ञ) स्थानीय तहले कार्यक्रमको उद्देश्य पूरा गर्न स्थानीय स्तरका क्लब, सामुदायिक सिकाइ केन्द्र, आमा समूह, सहकारी, सरकारी तथा गैरसरकारी संस्थाहरूको साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने

ट) कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न तीनओटै तहका सरकारी निकायले सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गर्ने

ठ) स्थानीय तहले वैकल्पिक माध्यमबाट सिकाइ निरन्तरता, विद्यार्थी एवम् विद्यालयको अभिलेख तयार गरी नियमित रूपमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)मा अद्यावधिक गर्ने

ड) स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि यस पुस्तिकामा उल्लिखित उदेश्यमा प्रतिकूल नहुने गरी थप आधार तयार गर्न सक्ने

ढ) यस पुस्तिकामा उल्लिखित विषयमा कुनै द्विविधा भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्पष्ट पार्ने छ ।

## ५) सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि सञ्चालन गरिने क्रियाकलापहरूको विस्तृतीकरण

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| १ | योजना कार्यान्वयनका लागि अभिमुखीकरण | क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले केन्द्रीय निकाय तथा शिक्षा विकास तथा समन्वय एकाइ, शिक्षा क्षेत्रमा क्रियाशील गैसस तथा स्थानीय तहका शिक्षा अधिकृतका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना, सहजीकरण पुस्तिका, निदानात्मक परीक्षण साधन (Diagnostic Tool), शिक्षक स्रोत सामग्री (Teacher Resource Materials) लगायतका विषयमा अभिमुखीकरण सञ्चालन गर्ने<br>ख) स्थानीय तहले केन्द्रबाट भएको अभिमुखीकरणका आधारमा विद्यालयका प्रधानाध्यापक तथा स्थानीय स्तरमा क्रियाशील सङ्घसंस्थालगायतका सरोकारवालाका लागि अभिमुखीकरण/अन्तरक्रिया सञ्चालन गर्ने<br>ग) स्थानीय तहको अभिमुखीकरण/अन्तरक्रियाका आधारमा प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति (विव्यस) शिक्षक अभिभावक सङ्घ (शिअसं) तथा अन्य सरोकारवालाबिच अन्तरक्रिया सञ्चालन गर्ने,<br>घ) प्रधानाध्यापकले आधारभूत तहमा अध्यापनरत शिक्षकका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजनासँग सम्वन्धित सामग्री र शिक्षण सहजीकरण सम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>स्थानीय तह<br>प्रधानाध्यापक<br>प्रधानाध्यापक | जेठको तेस्रो हप्ता<br>जेठको चौथो हप्ता<br>जेठको चौथो हप्ता<br>जेठको चौथो हप्ता | • सहभागीको हाजिरी<br>• अभिमुखीकरण कार्यक्रमको प्रतिवेदन |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| २ | विद्यार्थीको सिकाइ अवस्था पहिचान | क) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट स्वीकृत भएका कक्षा ३ देखि ५ सम्म गणित, नेपाली विषय र कक्षा ६ देखि ८ मा नेपाली, गणित, विज्ञान र अङ्ग्रेजी विषयको विद्यार्थीको निदानात्मक परीक्षण साधन (Diagnostic Tools) प्रयोग गरी सम्वन्धित कक्षा शिक्षण गर्ने शिक्षकले विद्यार्थीकोसिकाइ अवस्थाको पहिचान गर्ने,<br>ख) Diagnostic Tools नभएका विषयमा सम्बन्धित शिक्षकले Tools विकास गरी विद्यार्थीको अवस्था पहिचान गर्न सक्ने,<br>ग) परीक्षणबाट प्राप्त नतिजाका आधारमा शिक्षकले प्रत्येक कक्षाका विद्यार्थीलाई सिकाइ आवश्यकताका आधारमा विषयगत रूपमा देहायका आधारमा समूहीकृत गर्ने<br>१) आधारभूत तहभन्दा न्यून सिकाइ अवस्थाका विद्यार्थी (Below Basic Learner) ३५% भन्दा कम (Red group)<br>२) आधारभूत तहको सिकाइ अवस्थाका विद्यार्थी (Basic Learner) 35%-50% भन्दा कम **(Blue group)**<br>३) औसतभन्दा कम सिकाइ अवस्थाका विद्यार्थी(Below average learner) 50%-70% भन्दा कम **(Green group)** | • शैक्षिक गुणस्तर परिक्षण केन्द्र<br>• स्थानीय तह<br>• विद्यालय<br>• शिक्षक | असार पहिलो हप्ता | • विकास भएका Diagnostic tools सङ्ख्या<br>• विद्यालयबाट भएको विद्यार्थीको सिकाइ उपलब्धि विवरण<br>• वर्गीकृत विद्यार्थी सङ्ख्या |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ४) उच्च सिकाइ अवस्थाका विद्यार्थी (Proficient learner) 70%-90% भन्दा कम<br>[Orange Group]<br>५) उत्कृष्ट सिकाइ अवस्थाका विद्यार्थी (Advance learner) 90%-100% [Yellow Group]<br>घ) उपर्युक्तबमोजिम समूहीकृत गरिएका विद्यार्थी समूहमध्ये औसतभन्दा कम सिकाइ अवस्थाका विद्यार्थीका लागि अनिवार्यरूपमा सिकाइ स्तर सुधारका क्रियाकलापमा संलग्न गराउने । औसतभन्दा बढी सिकाइ अवस्थाका विद्यार्थीका लागि थप पुनर्ताजगी, सृजनात्मक एवम् प्रवर्तनात्मक सिकाइ गतिविधिमा सहभागी गराउने<br>ङ) विद्यार्थीको सिकाइ अवस्थासम्बन्धी विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा विकास गरिएको सिकाइ चौतारी (Learning Portal) मा रहेको Platform मा प्रविष्टि गर्ने। (प्रविष्टि गर्ने विधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको बेवसाइट www.cehrd.gov.np मार्फत जानकारी गराइने छ ।)<br>च) विकास भएका सामग्री शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट (www.cehrd.gov.np) र सिकाइ चौतारी (www.learning.cehrd.edu.np) बाट प्राप्त गर्न सकिने छ। | | | |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| ३ | अवस्थाको समीक्षा एवम् चेतना/जागरणमूलक/अभियानात्मक कार्यक्रम सञ्चालन | क) विद्यार्थीको अवस्था पहिचानपश्चात गर्नुपर्ने सुधारका सम्बन्धमा विद्यालयले शिक्षक स्टाफ र विद्यालय व्यवस्थापन समितिको बैठकमा नियमित छलफल गर्ने<br>ख) स्थानीय तहले प्रत्येक विद्यालयको सिकाइ अवस्था पहिचानपश्चात् सबै प्रधानाध्यापकको सहभागितामा शिक्षा समितिको बैठक आयोजना गरी सिकाइ क्षतिको आपूरण तथा द्रुत सिकाइका लागि गर्नुपर्ने कार्यहरूका सम्बन्धमा छलफल एवम् अन्तर्क्रिया गर्ने<br>ग) स्थानीय तहमा क्रियाशील राजनीतिक दल, कर्मचारीसहितका सरोकारवालाहरूसँग छलफल एवम् अन्तर्क्रिया गर्नुका साथै यस विषयलाई स्थानीय सञ्चार माध्यमको प्रयोग गरी प्रचार प्रसार गरी अभियानात्मक कार्यक्रम सञ्चालन गर्ने | • स्थानीय तह<br>• विद्यालय | असार पहिलो हप्ता | • बैठकका सहभागी विवरण<br>• बैठक निर्णय |
| ३ | सिकाइ स्तरअनुसारको सिकाइ रणनीति निर्धारण तथा प्रयोग | क) सिकाइ स्तरका आधारमा समूहीकृत गरिएका विद्यार्थीका विद्यालयले लागि विद्यालयले सिकाइ स्तरअनुसार सिकाइमा सहयोगका लागि तपसिल अनुसारका रणनीति/कार्यक्रम सञ्चालन गर्ने :<br>**१. structured pedagogy र flipped classroom सञ्चालन :** | • विद्यालय<br>• शिक्षक<br>• स्थानीय तह<br>• सरकारी एवम् गैरसरकारी संस्था | असार दोश्रो हप्ता | • सञ्चालित कार्यक्रमको विवरण<br>• लाभान्वित विद्यार्थी सङ्ख्या |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | क) शिक्षक तालिममा भएको अभिभुखीकरणका आधारमा कक्षा शिक्षणका क्रियाकलापमा विद्यार्थी सिकाइ अभिवृद्धि हुने शिक्षण रणनीति तय गरी शिक्षण गर्ने<br>ख) नयाँ विषयवस्तु शिक्षण गर्नुपुर्व सोसँग सम्वन्धित सम्बन्धित सामग्री श्रव्यदृश्यसमेत) पूर्व उपलव्ध गराई स्वअध्ययन गर्न लगाई सोको बारेमा छलफल गरी flipped classroom रणनीति अवलम्बन गरी शिक्षण गर्ने<br>२. **Focus and refined instruction :** शिक्षकले कक्षा शिक्षण गर्दा लक्षित समूह शिक्षण,सानो समूह शिक्षण, स्व निर्देशित सिकाइ व्यक्ति केन्द्रीत सिकाइ क्रियाकलापहरू तय गरी शिक्षण गर्ने<br>३. **गैर विद्यालय केन्द्रीत सिकाइ क्रियाकलाप:** शिक्षकले विद्यालय वाहिर हुन सक्ने सिकाइ क्रियाकलापहरू परियोजना कार्य, अध्ययन भ्रमणखोज अनुसन्धान क्रियाकलापमा केन्द्रित गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने<br>४. **शिक्षक विद्यार्थी सञ्जालको विकास तथा प्रयोग :** कक्षागत तथा विषयगत शिक्षक विद्यार्थीबिच एकीकृत सञ्जाल निर्माण गरी इन्टरनेटको माध्यमबाट शिक्षकले निश्चित पहिचान नम्बर र कोडको प्रयोग गरी एकैपटक आफ्ना विद्यार्थीहरूलाई गृहकार्य तथा कक्षाकार्य | | | |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | पठाउन तथा सोही पद्धतिको उपयोग गरी गृहकार्यको परीक्षण गर्ने व्यवस्था गर्न<br>ख) सरकारी एवम् गैहसरकारी संस्थाको सहयोगमा सिकाइ अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न सकिने | | | |
| ग) विद्यालय तथा स्थानीय तहले विद्यार्थीको सिकाइ स्तरअनुसार सिकाइ आपूरण तथा द्रुत सिकाइ गर्न तपसिलबमोजिमका कार्यक्रममध्ये आवश्यकता र उपयुक्तताका आधारमा कार्यक्रम छनोट गरी कार्यान्वयन गर्न सकिने छ। विद्यालयले विद्यार्थीको आवश्यकताका आधारमा उल्लिखित कार्यक्रमका अतिरिक्त थप कार्यक्रम विकास गर्न सकिने छ। | | | | | |
| ग (१) | पाठ्यवस्तु समायोजन ढाँचा कार्यान्वयन | क) विद्यालयले पाठ्यक्रम विकास केन्द्रले विद्यामान पाठ्यक्रममा तोकिएका सिकाइ सक्षमता हासिल गर्ने गरी विकास भई वेबसाइटमार्फत सार्वजनिक गरिएको पाठ्यवस्तु समायोजन ढाँचामा उल्लिखित पाठ्यवस्तुलाई समेटी शिक्षण सिकाइ सञ्चालन गर्ने<br>ख) शिक्षकले उक्त समायोजित विषयवस्तुमा आधारित सघन शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी शिक्षण योजना बनाई कार्यान्वयन गर्ने | • पाठ्यक्रम विकास केन्द्र<br>• स्थानीय तह<br>• विद्यालय | असारदेखि निरन्तर | • समायोजित विषयवस्तु सहितको पाठ्यक्रम<br>• शिक्षकले तयार गरेको शिक्षण योजना |
| ग (२) | ( Teaching at right level-TaRL विधिका आधारमा शिक्षण | क) सिकाइ क्षतिको आपूरणका लागि विद्यालय तहमा TaRL विधिको कार्यान्वयन गरी शिक्षण गर्ने प्रबन्ध मिलाउने<br>ख) यस विधिअन्तर्गत Diagnostic Tools का आधारमा विद्यार्थीको सिकाइ अवस्था पहिचान र निर्धारण गर्ने | • विद्यालय<br>• स्थानीय तह<br>• गैसस/विकास साझेदार | निरन्तर | • कार्यक्रम सञ्चालन भएका स्थानीय तहको विवरण |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ग) विद्यार्थीलाई समूहीकृत गरी आपूरण केन्द्रित शिक्षण/कार्यक्रम सञ्चालन गर्ने<br>घ) स्थानीय तहले यस विधिको आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहजीकरण गर्ने गैसस/विकास साझेदारहरू पहिचान गरी परिचालन गर्ने | | | • विद्यार्थीको सिकाइ उपलब्धि स्तर<br>• कार्यक्रमको प्रगति प्रतिवेदन |
| ग (३) | सिकाइ चौतारी (Learning portal)को प्रयोग | क) स्थानीय तहले शिक्षक, विद्यार्थीका लागि Learning portal को अभिमुखीकरण गर्ने,<br>ख) सिकाइ आपूरण तथा सिकाइ द्रुत सिकाइका लागि Learning portal को प्रयोग गरी सिकाइ प्रभावकारिता बढाउने<br>ग) शिक्षकले विद्यार्थीलाई घरमा रहँदा वा अन्य समयमा पनि पोर्टलको प्रयोग गरी आफ्नो सिकाइ बढाउनका लागि प्रोत्साहित गर्ने | • शिमास्रोविके<br>• स्थानीय तह<br>• विद्यालय<br>• शिक्षक | निरन्तर | • Learning Portal का प्रयोगकर्ताहरूको सङ्ख्या। |
| ग (४) | विद्यालय शिक्षण अवधि विस्तार | क) निर्धारित विद्यालय समयमा गरिने प्रयत्नले मात्र विगतमा भएको सिकाइ क्षतिको आपूरण तथा द्रुत सिकाइ सम्भव नभएमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई शिक्षण अवधि विस्तार गर्ने<br>ख) स्थानीय स्तरमा हुने चाडपर्व, भोजजस्ता घटनामा बिदा नदिन प्रोत्साहित गर्ने<br>ग) बिदाको दिनसमेत विद्यालय सञ्चालन गर्ने र अन्य दिन बिहान बेलुकाको समयमा समेत विद्यालय सञ्चालन गरी शिक्षण सिकाइको समय वृद्धि गर्ने | • विद्यालय<br>• स्थानीय तह | निरन्तर | • सञ्चालित कार्यक्रम र सहभागीहरूको विवरण |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | घ) शिक्षण सिकाइ अवधि विस्तार गरी देहायअनुसारका कार्यक्रम सञ्चालन गर्न सकिने छ :<br>• **अतिरिक्त कक्षाः** सिकाइ क्षति अधिक रहेको कक्षा र विषयका लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने व्यवस्था विद्यालयले मिलाउने । अतिरिक्त समयमा काम गरेबापत शिक्षकलाई प्रोत्साहन उपलब्ध गराउने ।<br>• **उपचारात्मक कक्षाः** कुनै विषय क्षेत्रमा सिकाइ न्यून रहेका विद्यार्थीहरूका लागि विद्यालयले उपचारात्मक कक्षाको प्रबन्ध मिलाउने<br>• **अभ्यासात्मक कक्षा तथा सामग्री व्यवस्थाः** गणित, विज्ञान र यस्तै बढी अभ्यास गर्नुपर्ने विषयका लागि अभ्यासात्मक कक्षा वा ती विषयमा सिकाइ न्यून रहेका विद्यार्थीका लागि थप अभ्यास गर्न सामग्री उपलब्ध गराउने व्यवस्था मिलाउने<br>• बिहान वा साँझ र बिदाको दिनमा शिक्षकको नेतृत्त्वमा अनलाईन कक्षा वा विद्यार्थी आफैँ अनलाईनमा जोडिएर सिकाइमा सहभागी हुने | | | |
| ग (५) | टोल सिकाइ सञ्चालन | क) विद्यालयले विद्यार्थीका लागि टोल वा पायक पर्ने स्थानमा विद्यालय समयका अतिरिक्त समय, सार्वजनिक बिदाको समयको सदुपयोग हुने गरी अतिरिक्त कक्षा सञ्चालन गर्ने | • स्थानीय तह<br>• विद्यालय | निरन्तर | • सञ्चालित कार्यक्रमको प्रतिवेदन |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ख) स्थानीय तहले शिक्षा क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी संस्थाहरूसँग समन्वय गरी विद्यालयको सक्रियतामा टोल सिकाइ सञ्चालन गर्ने<br>ग) माथिल्लो कक्षाका विद्यार्थीले तल्लो कक्षाका विद्यार्थीलाई सहयोग गर्ने गरी टोल सिकाइका क्रियाकलाप सञ्चालन गर्ने<br>घ) शिक्षकले आफू बसोबास गरेको टोलमा विदाको दिन वा बिहान बेलुका टोल सिकाइ सञ्चालन गर्ने | | | |
| ग (६) | स्वयंसेवक तथा वैकल्पिक शिक्षक व्यवस्थापन | क) विद्यालयका पूर्व विद्यार्थी, स्वयंसेवी संस्था तथा व्यक्तिहरूसँग समन्वय गरी कक्षा शिक्षणका लागि शिक्षण स्वयंसेवक छनोट गर्ने<br>ख) स्वयंसेवी शिक्षक छनोट मापदण्ड विद्यालयले निर्धारण गर्न सक्ने<br>ग) स्वयम् सेवक शिक्षकलाई घुम्ती शिक्षकको रूपमा परिचालन गर्ने<br>ङ) छनोट भइआएका शिक्षकलाई कक्षा शिक्षण गर्न लगाउने | • स्थानीय तह<br>• विद्यालय | आवश्यकतनुसार | • छनोट भएका शिक्षक सङ्ख्या |
| ग (७) | सिकाइ आपूरणका लागि कार्यम ूलक अनुसन्धान सञ्चालन | क) शिक्षकले नियमित रूपमा गर्नुपर्ने कार्यमूलक अनुसन्धानलाई सिकाइमा भएको क्षति आपूरण सम्बन्धी कार्यमा केन्द्रित गराउने<br>ख) कार्यमूलक अनुसन्धानको प्रतिवेदनलाई कार्य सम्पादन मूल्याङ्कनमा आबद्ध गर्ने<br>ग) अनुसन्धानबाट भएका प्राप्तिहरूलाई सिकाइ अभिवृद्धिमा उपयोग गर्ने | • विद्यालय<br>• शिक्षक | निरन्तर | • कार्यमूलक अनुसन्धानको सङ्ख्या |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| ग (८) | स्वअध्ययन सामग्रीको विकास तथा प्रयोग | क) विद्यार्थीको स्वसिकाइ अभिवृद्धि गर्न केन्द्रबाट स्वीकृत भएका सामग्री प्रकाशन र वितरण गर्ने<br>ख) स्थानीयस्तरमा उपलब्ध विज्ञ परिचालन गरी स्वाध्ययन सामग्रीको विकास, प्रकाशन र वितरण गर्न सकिने<br>ग) माध्यमिक तहका विद्यार्थीले परियोजना कार्य दिंदा तथा अन्य आन्तरिक मूल्याङ्कन प्रयोजनका लागि तल्लो कक्षालाई उपयोगी हुने सामग्री विकास गर्ने | • स्थानीय तह | निरन्तर | • प्रकाशित तथा वितरित सामग्रीको विवरण |
| ग (९) | गृह विद्यालय सञ्चालन | क) गृह विद्यालय सञ्चालन गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा रहेको गृह विद्यालय सञ्चालन कार्यविधि- २०७७ अनुसार गर्ने | • स्थानीय तह<br>• विद्यालय | आवश्यकता अनुसार | • सञ्चालित कार्यक्रम र लाभान्वित सङ्ख्या |
| ग (१०) | मातृभाषामा शिक्षण | क) विद्यालयमा सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीको मातृभाषामा शिक्षण गर्ने कार्यलाई प्रोत्साहित गर्ने,<br>ख) थप शिक्षक तथा स्वयंसेवक शिक्षक व्यवस्था गर्दा स्थानीय मातृभाषा जानेका शिक्षकलाई छनोटमा प्रथामिकता दिने<br>ग) बहुभाषिक विद्यार्थी भएका कक्षामा भाषिक आधारमा विद्यार्थी समूह निर्माण गरी शिक्षण गर्ने प्रबन्ध मिलाउने | • विद्यालय<br>• शिक्षक | आवश्यकता अनुसार | • मातृभाषामा शिक्षण गर्ने विद्यालय सङ्ख्या |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| ग (११) | अभिभावक शिक्षा सञ्चालन | क) विद्यार्थीको सिकाइमा सहजीकरण गर्ने अभिप्रायले विद्यालयले कक्षागत अभिभावकको भेला गरी विद्यार्थीको प्रगति समीक्षा तथा विद्यार्थीका लागि आवश्यक शिक्षण सामग्रीको व्यवस्था, विद्यार्थी नियमिततालगायतका विषयमा अभिभावकसँग अन्तरक्रिया सञ्चालन गर्ने<br>ख) शिक्षक, प्रधानाध्यापकबाट विद्यार्थीको घरमै नियमित अभिभावक भेटघाट गरी सिकाइका लागि सहजीकरण गर्ने<br>ग) अभिभावकहरूले विद्यालय तथा कक्षा सञ्चालन अवस्थाको अवलोकन र अनुगमन गरी आफ्नो विचार व्यक्त गर्न संवेगात्मक अनुगमन सूचक (Mood Meter) उपयोग गर्ने अभिमुखीकरण गर्ने । जस्तैः खुसी, सन्तोषजनक, दिक्क, रिस आदि | • विद्यालय<br>• शिक्षक<br>• अभिभावक | निरन्तर | • अभिभावक भेला सङ्ख्या/कार्यक्रमको प्रगती प्रतिवेदन |
| ग (१२) | सिकाइका लागि अभिभावक परिचालन | क) अभिभावकले नियमित रूपमा घरमा विद्यार्थीलाई सहजीकरण गर्ने<br>ख) मासिक रूपमा विद्यालयमा अभिभावकको उपस्थितिमा सिकाइको समिक्षा गर्ने<br>ग) शिक्षण सिकाइका सम्बन्धमा विद्यालय तथा कक्षा सञ्चालन अवस्थाको अवलोकन र अनुगमन गरी आफ्नो विचार व्यक्त गर्न | • स्थानीय तह<br>• विद्यालय<br>• अभिभावक | निरन्तर | • बैठकको उपस्थिति र निर्णय<br>• सञ्चालित कार्यक्रमको विवरण |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | संवेगात्मक अनुगमन सूचक (Mood Meter) उपयोग गर्ने । जस्तैः खुसी, सन्तोषजनक, दिक्क, रिस आदि<br>च) बालबालिकाको सिकाइलाई सहजीकरण गर्न घरमा अभिभावकले गर्नुपर्ने तथा गर्न सकिने कार्यहरूका सम्बन्धमा अभिभावकलाई अभिमुखीकरण गर्ने | | | |
| ग (१३) | परियोजना तथा समुदायमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन | क) पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल गर्न पाठमा आधारित सहक्रियाकलाप अन्तर्गत शिक्षकले विद्यालयबाट समुदाय केन्द्रित परियोजना कार्य अध्ययन अनुसन्धान अवलोकन भ्रमण आयोजना गर्ने<br>ख) उक्त क्रियाकलापमा विद्यार्थीले हासिल गरेको उपलब्धिको अभिलेखीकरण गरी मूल्याङ्कन गर्ने | • विद्यालय<br>• शिक्षक | निरन्तर | कार्यक्रम प्रगती प्रतिवेदन |
| ग (१४) | शिक्षण स्रोत सामग्री | क) शिक्षकले केन्द्रको वेबसाइट www.cehrd.gov.np मा अपलोड गरिएको शिक्षण स्रोत सामग्रीको अध्ययन गरी सोअनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने<br>ख) बैकल्पिक सिकाइ तथा दूर शिक्षा प्रणालीबाट शिक्षण सिकाइ प्रक्रिया सञ्चालनका लागि विद्यालय तहमा सञ्चार सञ्जालीकरण कार्यविधि,२०७७ समेत प्रयोग गर्न सकिने | • विद्यालय<br>• शिक्षक | निरन्तर | • प्रयोग भएका सामग्री विवरण<br>• कार्यक्रम प्रगती प्रतिवेदन |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| ग (१५) | साथी समूह सिकाइ | क) कक्षाका विद्यार्थीको भौगोलिक, भाषिक एवम् सिकाइ क्षमता लगायतका आधारमा तीन देखि पाँच जनाको समूह बनाउने<br>ख) समूहभित्र एकले अर्कालाई सिकाउने र समूहमा सिक्ने संस्कार विकास गर्ने गरी शिक्षकले सहजीकरण गर्ने<br>ग) कक्षामा दिने समूह कार्यहरूमा यी समूहलाई परिचालन गर्ने | • विद्यालय<br>• शिक्षक<br>• विद्यार्थी | निरन्तर | • समूह संख्या<br>• कार्यक्रम प्रगती प्रतिवेदन |
| ग (१६) | दिदीबहिनी/दाजुभाइ सिकाइ | क) विद्यालयका माथिल्लो कक्षा र तल्लो कक्षाका विद्यार्थीको दिदीबहिनी तथा दाजुभाइको मितेरी सम्बन्ध स्थापना गरि सहयोग गर्ने वातावरण तयार गर्ने,<br>ख) यस्तो सिकाइ सहजीकरणमा शिक्षकहरूले सहयोगी र उत्प्रेरकको भूमिका निर्वाह गर्ने | • विद्यालय<br>• शिक्षक<br>• विद्यार्थी | निरन्तर | • विकास भइ क्रियाशील समूह |
| ग (१७) | विद्यार्थी स्व – मूल्याङ्कन | क) शिक्षकहरूले विषयगत रूपमा विभिन्न विषयका प्रश्नहरू तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने<br>ख) विद्यार्थीले आफ्नो रुचिअनुसार र समय अनुकूल अभ्यास गर्ने<br>ग) आफ्नो सिकाइस्तर आफैँले मूल्याङ्कन गर्ने,<br>घ) स्वमूल्याङ्कनको नतिजाको आधारमा आफ्नो सिकाइमा सुधारका लागि विद्यार्थीलाई सहजीकरण र उत्प्रेरित गर्ने | • शिक्षक<br>• विद्यार्थी | निरन्तर | • शिक्षकले तयार गरेका साधनहरू<br>• विद्यार्थी नतिजा सिट |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| ग (१८) | श्रव्यदृश्य सामग्रीको प्रयोग | क) विद्यालयले विद्यार्थी सिकाइलाई अभिवृद्धि गर्न स्वीकृत पाठ्यक्रमका आधारमा विकास भएका श्रव्यदृश्य सामग्री प्रयोग गर्ने,<br>ख) विद्यालयमा नियमित कक्षा तथा अतिरिक्त समयमा शिक्षण हुने शिक्षणमा श्रव्यदृश्य पाठ प्रयोग गरी शिक्षण गर्ने प्रबन्ध मिलाउने | • विद्यालय<br>• शिक्षक | निरन्तर | • प्रयोग भएका सामग्री विवरण |
| ग (१९) | विद्यार्थी मनोसामाजिक परामर्श सञ्चालन | क) विद्यालयले कोभिड १९ लगायतका विपत्बाट पारेको शैक्षिक प्रभावका सम्बन्धमा विद्यार्थी, शिक्षक तथा अभिवभावक बिच अन्तरक्रिया गरी अवस्था पहिचान गर्ने<br>ख) विद्यार्थीको सिकाइमा विपदका कारणले पारेको असरलाई आधार मानी विद्यालय, शिक्षकबाट नियमित परामर्शको व्यवस्था मिलाउने | • विद्यालय<br>• शिक्षक | निरन्तर | • परामर्श प्रदान गरिएका विद्यार्थी विवरण |
| ५ | कार्यक्रम कार्यान्वयनका लागि स्रोत परिचालन | क) वित्त ीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थान ीय तहमा यस कार्यसँग सम्बन्धित कार्यक्रमलाई कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्ल िखित आधार बमोजिम खर्च गर्ने<br>ख) यस सहजीकरण पुस्तिकामा उल्लिखित कार्यक्रमहरू कार्यान्वयन गर्दा स्थानीय तह एवम् विद्यालयका लागि सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलापहरू मध्ये ReAL योजना कार्यान्वयन शीर्षकमा विनियोजित रकमका अतिरिक्त प्रतिविद्यार्थी लागत अनुदान, इन्टरनेट व्यवस्थापन खर्च, विद्यालय सुधार योजना अनुदान, बहुकक्षा बहुस्तर, | • स्थानीय तह<br>• विद्यालय | निरन्तर | • प्राप्त स्रोत र खर्चको विवरण<br>• निकासा विवरण<br>• खर्च विवरण<br>• वित्तीय प्रतिवेदन |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | बहुभाषिक शिक्षा व्यवस्थापन, विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना सिकाइ निरन्तरताका लागि अनुदान, विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोग, एकमुष्ठ अनुदान प्रकृतिका अनुदानबाट वजेट व्यवस्था मिलाउने<br>ग) प्रदेश तथा स्थानीय तहले समानिकरण अनुदान, आन्तरिक स्रोतबाट प्राप्त हुने रकमलाई सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयनमा वजेट विनयोजन गरी खर्च गर्न सकिने<br>घ) योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय प्रबन्ध गर्दा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था तथा सामुदायिक सङ्घसंस्थाबाट भौतिक, आर्थिक, मानवीय एवम् प्राविधिक सहयोग परिचालन गरी योजना कार्यान्वयन गर्ने । | | | |
| ६ | सङ्घ संस्थाको परिचालन | क) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था तथा सामुदायिक सङ्घसंस्थाहरूले केन्द्रीय स्तरमा भएको समझदारी (MOU)का आधारमा र स्थानीय स्तरका गैरसरकारी संस्था तथा सामुदायिक सङ्घसंस्थाहरूले स्थानीय तहमा भएको समझदारी (MOU)का आधारमा कार्यक्रम सञ्चालन गर्ने, | • स्थानीय तह<br>• सरकारी तथा गैरसरकारी संस्थाहरू | निरन्तर | • बैठकको उपस्थिति, निर्णय र कार्यान्वयनको अवस्थासम्बन्धी प्रतिवेदन |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ख) स्थानीयस्तरमा शिक्षा क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी एवम् सामुदायिक सङ्घ संस्थाहरूको पहिचान गरी समन्वयात्मक बैठक आयोजना गर्ने<br>ग) यस पुस्तिकामा उल्लिखित सिकाइ आपूरण तथा द्रुत सिकाइका लागि तय भएका कार्यक्रम छनोट गरी अभियानका रूपमा सञ्चालन गर्न विद्यालय एवम् स्थानीय तहमा आर्थिक तथा प्राविधिक सहयोगका लागि सङ्घसंस्थालाई परिचालन गर्ने<br>घ) संस्थाहरूलाई सिकाइ आपूरण तथा द्रुत सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गर्ने र कार्यहरूमा दोहोरो नपर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने<br>ङ) संयुक्त अनुगमन तथा सहजीकरणका लागि स्थानीय स्तरमा संयन्त्र विकास गरी परिचालन गर्ने | | | |
| ७ | शिक्षकका पेसागत सङ्घसङ्गठनको परिचालन | क) शिक्षा विकास तथा समन्वय एकाइले जिल्लास्तरमा शिक्षक महासङ्घसँग समन्वय बैठक आयोजना गरी सिकाइ क्षतिको बारेमा छलफल एवम् समीक्षा गर्ने<br>ख) शिक्षक महासङ्घमार्फत जिल्ला तथा स्थानीय स्तरमा शिक्षकहरूलाई सिकाइ क्षतिको आपूरण तथा द्रुत सिकाइ योजनाका सम्बन्धमा तालिम | • स्थानीय तह<br>• शिक्षक महासङ्घ | निरन्तर | • बैठकको उपस्थिति, निर्णय र कार्ययोजना |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | तथा अभिमुखीकरण सञ्चालन गरी शिक्षकलाई अभियानमा परिचालन हुन प्रोत्साहित गर्ने ।<br>ग) सिकाइ क्षतिको आपूरण तथा द्रुत सिकाइका लागि महासङ्घ र स्थानीय तहको सहकार्यमा गर्न सकिने कार्यहरू पहिचान गरी कार्ययोजना बनाएर कार्यान्वयन गर्ने | | | |
| ८ | नमुना विद्यालय विशेष कार्यक्रम | क) नमुना विद्यालयहरूले सिकाइ क्षतिको आपूरण तथा सिकाइ द्रुत सिकाइका लागि शिक्षकको क्षमता विकास सिकाइमा विद्यार्थी परिचालन समुदाय परिचालन अभिभावक शिक्षा लगायतका सिकाइ लक्षित विशेष कार्यक्रम विकास र कार्यान्वयन गर्ने<br>ख) स्थानीय तहमा नमूना विद्यालयहरूले उक्त विद्यालयको सेवा क्षेत्रभित्र रहेका अन्य विद्यालयहरूमा सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइका लागि विभिन्न कार्यक्रम सञ्चालन तथा सञ्चालनमा सहजीकरण गर्ने | • स्थानीय तह<br>• नमूना विद्यालय | नियमित | • सञ्चालित कार्यक्रमको विवरण |
| ९ | शैक्षिक योजनामा सिकाइ आपूरण | क) विद्यालयले वार्षिक रूपमा अध्यावधिक गर्ने विद्यालय सुधार योजनामा सिकाइ आपूरण तथा द्रुत सिकाइ सम्बन्धी विषय पनि समावेश गरी कार्यान्वयन गर्ने<br>ख) स्थानीय तहबाट तर्जुमा हुने गाँउ/नगर शिक्षा योजनामा सिकाइ आपूरण तथा सिकाइ अभिवृद्धि गर्ने कार्यक्रम तय गरी अनिवार्य समावेश गर्ने | • विद्यालय<br>• स्थानीय तह | निरन्तर | • सिकाइ आपूरण तथा सिकाइ अभिवृद्धि सम्बन्धी विषय समावेश विद्यालय सुधार |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ग) विद्यालयमा सिकाइ आपूरण तथा अभिवृद्धिका लागि प्रतिविद्यार्थी लागतमा अनुदान प्राप्त बजेट परिचालन गरी कार्यान्वयन गर्ने | | | योजनाहरूको सङ्ख्या |
| १० | उत्कृष्ट शिक्षकका लागि प्रोत्साहन | क) शिक्षकले सिकाइ अभिवृद्धिका लागि कक्षागत तथा विषयगत योजना विकास गरी कार्यान्वन गर्ने<br>ख) विद्यालयले कक्षागत र विषयगत शिक्षकको सिकाइ उपलब्धिमा भएको वृद्धिको नियमित समिक्षा गर्ने गरी उत्कृष्ट शिक्षक पहिचान गर्ने<br>ग) उत्कृष्ट शिक्षकका लागि प्रोत्साहनको व्यवस्था मिलाउने | • विद्यालय<br>• शिक्षक<br>• स्थानीय तह | निरन्तर | • प्रोत्साहन रकम प्राप्त शिक्षकहरूको सङ्ख्या |
| ११ | Online Platform | क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सञ्चालनमा ल्याएको सिकाइ चौतारी (Learning Portal) को उपयोग गरी शिक्षक, विद्यार्थी र अभिभावकले शिक्षण सिकाइ प्रक्रियामा सहजीकरणका लागि स्थानीय तहले अभिमुखीकरण र प्रयोगको व्यवस्था मिलाउने<br>ख) यस Platform मा सिकाइ आपूरण सम्बन्धमा भएका कार्य, शिक्षक विद्यार्थीलाई परेका समस्या जस्ता विषयमा नियमित छलफल गर्ने माध्यमको रूपमा विद्यालय, शिक्षक, अविभावक एवम् विद्यार्थीले प्रयोग गर्ने व्यवस्था मिलाउने | • शिमास्रोविके<br>• स्थानीय तह<br>• विद्यालय<br>• शिक्षक<br>• विद्यार्थी<br>• अभिभावक | निरन्तर | • Platform प्रयोगकर्ताको सङ्ख्या |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ग) यस Platform को प्रयोग तथा प्रभावकारिता सम्बन्धमा स्थानीय र शिक्षा विकास तथा समन्वय एकाइले समय समयमा अनुगमन एवम् समीक्षा गर्ने<br>घ) विद्यालयहरूले विद्यार्थीका कक्षागत समूहहरू बनाई सामाजिक सञ्जालका समूह बनाएर त्यसमा शिक्षकहरूसमेत सहभागी भई समूहमा सिक्ने संस्कार विकास गर्ने<br>ङ) Platform मा उपलब्ध टेमप्लेट डाउनलोड गरी Diagnostic Tools अनुसार प्राप्त गरेको अङ्क भरी पुनः Platform मा अपलोड गर्ने । यसका लागि विद्यालयले विद्यार्थीको नाम नामेसीसम्बन्धी विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System- IEMIS) बाट प्राप्त गर्न सकिने छ । | | | |
| १२ | विद्यालय बाहिर रहेका,अपाङ्गता भएका तथा अन्य लक्षित बालबालिकाका लागि कार्यक्रम सञ्चालन | क) स्थानीय तहले विपत्लगायतका कारणले विद्यालय शिक्षाको अवसरबाट वञ्चित वालबालबालिकाहरूलाई सामुदायिक सिकाइ केन्द्रको परिचालन गरी अफ्नो क्षेत्रभित्रका विद्यालय बाहिर रहेका,अपाङ्गता भएका तथा विशेष लक्षित बालबालिकाको पहिचान गर्ने | • स्थानीय तह<br>• सामुदायिक सिकाइ केन्द्र<br>• विद्यालय | आवश्यकता अनुसार | • लाभान्वित विद्यार्थी सङ्ख्या |

| सि.नं | कार्यक्रम | कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन परिणाम/सूचक |
|---|---|---|---|---|---|
| | | ख) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय ल्याउने र विद्यालयभित्रै रहेका अपाङ्गता भएका तथा अन्य लक्षित विद्यार्थीलाई समेत विद्यालयमा टिकाउने कार्यक्रम सञ्चालन गर्ने<br>ग) लक्षित समूहका विद्यार्थीलाई स्वीकृत सिकाइ सामग्रीको उपयोग गरी सिकाइ आपूरण र उपलब्धि वृद्धिका कार्यक्रम सञ्चालन गर्ने | | | |
| १३ | अनुगमन,मुल्याङ्कन तथा प्रतिवेदन सम्प्रेषण | क. विद्यालयले विद्यार्थीको अवस्था पहिचानपश्चात् प्राप्त नतिजा सिकाइ चौतारीको Learning Platform मार्फत समग्र प्रतिवेदन मासिक रूपमा तथा सिकाइ उपलब्धि प्रतिवेदन अर्ध वार्षिक रूपमा स्थानीय तहमा पेस गर्ने<br>ख.स्थानीय तहले अनुसूची ३ मा उल्लिखित ढाँचामा अर्धवार्षिक रूपमा प्रतिवेदन तयार गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई सम्प्रेषण गर्ने | • विद्यालय<br>• स्थानीय तह | त्रैमासिक तथा अर्धवार्षिक रूपमा | • प्रतिवेदन |

**६) विभिन्न निकायको भूमिका**

६.१. **मन्त्रालयको भूमिका:** मन्त्रालयको भूमिका देहायबमोजिम हुने छ:

क) सिकाइ आपूरण तथा सिकाइस्तर अभिवृद्धिका लागि आवश्यक नीति निर्धारण गर्ने

ख) योजना कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने

ग) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्देशन र सहजीकरण गर्ने

**६.२.प्रदेश तहका शिक्षासँग सम्बन्धित निकाय (मन्त्रालय, निर्देशनालय, तालिम केन्द्र) को भूमिका :**

क) प्रदेश तहमा कार्यक्रम सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने

ख) कार्यक्रम कार्यान्वयनका लागि बजेट व्यवस्थापन तथा आवश्यक निर्देशन र सहजीकरण गर्ने

ग) प्रदेश शिक्षा मन्त्रालयअन्तर्गतका विभिन्न निकाय मार्फत कार्यक्रम कार्यान्वयनका लागि अभिमुखीकरण, समन्वय र आवश्यक सहजीकरण गर्ने

घ) प्रदेश शिक्षा तालिम केन्द्र मार्फत शिक्षक तालिम/अभिमुखीकरण सञ्चालन गर्ने

ङ) कार्यक्रम कार्यान्वयन प्रभावकारिताका लागि अनुगमन र आवश्यक सुधारका क्रियाकलाप सञ्चालन गर्ने

च) प्रदेश तहमा क्रियाशील सरकारी तथा गैरसकारी सङ्घ संस्थाहरूसँग समन्वय गर्ने

छ) सङ्घीय सरकारबाट अनुरोध भई आएका विषयमा आवश्यक सहजीकरण गर्ने

६.३.**स्थानीय तहको भूमिका:** स्थानीय तहको भूमिका देहायबमोजिम हुने छ:

क) सङ्घ र प्रदेश सरकारका कार्यक्रमसँग सामन्जस्य हुने गरी एकीकृत कार्य योजना तयार गर्ने

ख) एकीकृत कार्य योजना कार्यान्वयन गर्न स्थानीय तहमा गैरसरकारी संस्था, विद्यालय, शिक्षकलगायत सरोकारवालाको परिचालन गर्ने

ग) केन्द्रबाट विकास भएका तथा अन्य स्वीकृत श्रव्य, श्रव्यदृश्य सामग्री स्थानीय टेलिभिजन तथा एफ एमबाट प्रसारणको व्यवस्था गरी प्रयोगका लागि विद्यार्थी तथा अभिभावकलाई प्रोत्साहन गर्ने

घ) विद्यालय वाहिर रहेका, अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि विकास गरिएका विभिन्न सिकाइ सामग्री प्रयोगका लागि सहजीकरण गर्ने

ङ) विषयगत शिक्षक रोस्टर परिचालन गरी स्थानीय स्तरमा थप शैक्षिक सामग्रीको विकास तथा प्रयोगका लागि विद्यालयलाई प्रोत्साहन गर्ने

च) विद्यालय नियमित रूपमा सञ्चालन नभएको अवस्थामा वैकल्पिक सिकाइका लागि अवश्यक कार्य गर्ने, गर्न लगाउने

छ) स्थानीय तहमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्था र शिक्षा समूह (Education Cluster) परिचालन गरी सिकाइ सहजीकरणसम्बन्धी कार्यमा समन्वय गर्ने

ज) निदानात्मक परीक्षण साधनको प्रयोग, सिकाइ उपलब्धिको विश्लेषण र वैकिल्पक सिकाइका लागि विद्यालयलाई सहजीकरण गर्ने

झ) केन्द्रबाट विकास भएको तालिम सामग्री तथा शिक्षक स्रोत सामग्रीका आधारमा प्रधानाध्यापक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने

ञ) केन्द्र तथा प्रदेश सरकारबाट प्राप्त स्रोतका अतिरिक्त वैकल्पिक सिकाइका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने

ट) सिकाइ सहजीकरणका लागि पुस्तिका प्रतिकुल नहुने गरी थप आधार तयार गरी कार्यान्वयन गर्ने र सोको जानकारी केन्द्रलाई दिने ।

ठ) कार्यान्वयनको प्रगति विवरण त्रैमासिक रूपमा अनुसूची १ र २ मा तोकिएको ढाँचामा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने

६.४.**शिक्षा तथा मानव स्रोत विकास केन्द्रको भूमिका**: केन्द्रको भूमिका देहायबमोजिम हुने छ:

क) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन गर्ने स्थानीय तहमा वित्तिय हस्तान्तरणको व्यवस्था मिलाउने

ख) कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, तालिम सामग्री, सिकाइ आदानप्रदान सञ्जाल (online platform) विकास गर्ने

ग) सघन कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार लक्षित स्थानीय तहको छनोटका मापदण्ड/प्रक्रिया निर्धारण गरी स्थानीय तह छनोट गर्ने

घ) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने र सुधारका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

ङ) सिकाइ सहजीकरणका लागि विद्यालय वाहिर रहेका, अपाङ्गता भएका तथा लक्षित समूहका लागि श्रव्य, श्रव्यदृश्य तथा अन्य अनुकूल सामग्रीको विकास तथा तिनको सहज उपलब्धताको व्यवस्था गर्ने

च) स्थानीय तहका लागि कार्यक्रम कार्यान्वयन अभिमुखीकरणको व्यवस्था गर्ने

छ) विद्यालय तहमा सिकाइ अभिवृद्धिका लागि गरिएका क्रियाकलाप र परीक्षणका साधनबाट प्राप्त विद्यार्थीको सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन व्यवस्थापन र आवश्यकताअनुसार विश्लेषण गर्ने

छ) मन्त्रालयबाट तोकिएबमोजिमका अन्य कार्य गर्ने

६.५.शैक्षिक गुणस्तर **परीक्षण केन्द्रको भूमिका**: परीक्षण केन्द्रको भूमिका देहायबमोजिम हुने छ:

क) आधारभूत तहको कक्षा ३ देखि ८ सम्म  सिकाइ स्तर पत्ता लगाउन आवश्यक निदानात्मक परीक्षणका साधन विकास गर्ने

ख) निदानात्मक परीक्षणका साधन प्रयोगको मार्गदर्शन तयार गर्ने

घ) मन्त्रालयको निर्देशनअनुसार अन्य कार्य गर्ने

६.६.**पाठ्यक्रम विकास केन्द्रको भूमिका**: पाठ्यक्रम विकास केन्द्रको भूमिका देहायबमोजिम हुने छ:

क) तोकिएको सिकाइ सक्षमता हासिल हुने गरी पाठ्यवस्तुको समायोजन गर्ने

ख) सिकाइ सहजीकरणका लागि आवश्यक सन्दर्भ सामग्रीको विकास गर्ने

ग) मन्त्रालयको निर्देशनअनुसार अन्य कार्य गर्ने

६.७.**विद्यालयको भूमिका:** विद्यालयको भूमिका देहायबमोजिम हुने छ:

क) तोकिएको सिकाइस्तर परीक्षण साधनको प्रयोग गरी विद्यार्थीहरूको सिकाइ अवस्था पत्ता लगाउने

ख) विद्यार्थीको सिकाइ अवस्थाको आधारमा प्रत्येक वर्ष हासिल गर्ने सिकाइ उपलब्धि निर्धारण गर्ने

ग) शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको विषयबाहेक अन्य विषयको हकमा शिक्षक आफैले परीक्षणका साधनहरू विकास गरी विद्यार्थीको सिकाइ अवस्था पहिचान गर्ने

घ) सिकाइ उपलब्धि वृद्धि गर्न यस सहजीकरण पुस्तिकामा उल्लेख भएका विभिन्न  क्रियाकलापहरू सञ्चालन गर्ने

ङ) विद्यार्थीहरूको सिकाइ उपलब्धि सम्बन्धि विवरण केन्द्रको लर्निङ पोर्टलमा रहेको प्लेटफर्ममा प्रविष्ट गर्ने

च) प्राध्यानाध्यापकबाट विद्यालयका सबै शिक्षकहरूलाई अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्ने

छ) पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको पाठ्यवस्तु समायोजन ढाँचाका आधारमा शिक्षण सिकाइ सञ्चालन गरी न्यूनतम सिकाइ उपलब्धि हासिल नभएका विद्यार्थीलाई शिक्षण गर्ने व्यवस्था मिलाउने

ज) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा अभिभावकलाई अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्ने

झ) स्थानीय तहसँग समन्वय गरी वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने

ञ) स्थानीय तहले तोकेबमेजिमका कार्य गर्ने

## अनुसूची १

## विद्यालयले स्थानीय तहमा मासिक रूपमा पठाउनुपर्ने प्रतिवेदनको ढाँचा

**विद्यालयको नामः**

**ठेगानाः प्रदेशः जिल्लाः वडा नः टोलः**

**फोन नः**

**विषयः कक्षाः सहजकर्ताको नामः**

| क्र स | सहजीकरणमा सहभागी विद्यार्थीको नाम | सहजीकरण गरिएको क्रियाकलाप | सिकाइ सुधारका सम्बन्धमा विद्यार्थीको प्रतिक्रिया | शिक्षण सुधारका लागि गर्नु पर्ने थप कार्य | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**सिकाइ सुधारका लागि प्राधानाध्यापकको प्रतिक्रिया**

**प्रधानाध्यापकको दस्तखत**

## अनुसूची २

### स्थानीय तहमा विद्यालयले अर्धवार्षिक रूपमा सम्प्रेषण गर्नुपर्न फारामको ढाँचा

**..................... महिना देखि .................. महिनाको अर्ध वार्षिक प्रगति प्रतिवेदन**

**विद्यालयको नामः**

**ठेगानाः प्रदेशः जिल्लाः वडा नः टोलः**

**फोन नः**

**विषयः कक्षाः सहजकर्ताको नामः**

| क्र स | विद्यार्थीको नाम | आधार तहको सिकाइ उपलब्धि प्रतिशत | प्रतिवेदन पेसका गर्दा बखतको सिकाइ उपलब्धि प्रतिशत | सिकाइ उपलब्धि सुधार हुनमा सहयोग पुगेका क्रियाकलाप | सिकाइ उपलब्धि सुधार नहुनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रधानाध्यापकको राय**

**प्राधानाध्यापकको दस्तखत**

## अनुसूची ३

### स्थानीय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने फारामको ढाँचा

**स्थानीय तहको नामः**

**ठेगानाः प्रदेशः जिल्लाः**

**जम्मा विद्यालय सङ्ख्याः**

**कार्यक्रम कार्यान्वयन भएको विद्यालय संख्याः**

**लाभान्वित विद्यार्थी सङ्ख्या र उपलब्धि विवरण :**

| क्र. स | विद्यालयको नाम | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | कक्षा ६ | | कक्षा ७ | | कक्षा ८ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार तहको कक्षागत सिकाइ उपलब्धि | प्राप्त सिकाइ उपलब्धि | आधार तहको कक्षागत सिकाइ उपलब्धि | प्राप्त सिकाइ उपलब्धि | आधार तहको कक्षागत सिकाइ उपलब्धि | प्राप्त सिकाइ उपलब्धि | आधार तहको कक्षागत सिकाइ उपलब्धि | प्राप्त सिकाइ उपलब्धि | आधार तहको कक्षागत सिकाइ उपलब्धि | प्राप्त सिकाइ उपलब्धि | आधार तहको कक्षागत सिकाइ उपलब्धि | प्राप्त सिकाइ उपलब्धि |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |